नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/८/०६६/६७ मिति : २०६६/०६/०४

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,**

**बिषयः- सहायक कम्पनी (Subsidiary Company) सम्बन्धी व्यवस्था ।**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले आफ्नो स्वामित्वमा सहायक कम्पनी (Subsidiary Company) को रुपमा "घ" वर्गको लघुवित्त संस्था खोली विपन्न वर्गमा कर्जा प्रवाह गर्न सक्ने व्यवस्थाका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

चालु आ.ब. को मौद्रिक नीतिमा "आफ्नो स्वामित्वमा एउटा छुट्टै लघुवित्त संस्था खोली सो सहायक कम्पनी मार्फत विपन्न वर्गमा कर्जा प्रवाह गर्न वाणिज्य बैंकहरूले आवश्यक प्रक्रिया पूरा गरेमा कारोवारको अनुमती दिइनेछ" भन्ने समेत व्यवस्था रहेको हुँदा यस बैंकबाट इजाजतपत्रप्राप्त ("क", "ख" र "ग" वर्गका) बैंक तथा वित्तीय संस्थाले निम्नलिखित व्यवस्थाको अधिनमा रही "घ" वर्गको लघुवित्त संस्थामा शेयर लगानी गर्नसक्ने छन् ।

१. इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले आफ्नो स्वामित्वमा एउटा छुट्टै "घ" वर्गको लघुवित्त संस्था खोली सो सहायक कम्पनी (Subsidiary Company) मार्फत् विपन्न वर्गमा कर्जा प्रवाह गर्न चाहेमा देहायका नीतिगत तथा प्रकृयागत व्यवस्थाहरुको अधिनमा रही गर्नसक्ने व्यवस्था कायम गरिएको छ ।

१.१ सहायक कम्पनीका रुपमा स्थापित भई लघुवित्त कारोबार गर्ने "घ" वर्गको वित्तीय संस्थाको हकमा मौद्रिक नीति तथा पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/३/०६६/६७ मिति २०६६/०४/३० मा जारी परिपत्रमा भएको व्यवस्था बमोजिम एकाघर परिवार, फर्म, कम्पनी वा सङ्गठित संस्था वा एकै समूहका कम्पनीको शेयर लगानीको अधिकतम हद चुक्ता पूँजीको २५ प्रतिशतमा छुट दिइने नीति अनुरुप इजाजतपत्रप्राप्त "क" वा "ख" वा "ग" वर्गका संस्थाको सहायक कम्पनी ("घ" वर्गको लघुवित्त संस्था) मा संस्थापक शेयर स्वामित्व चुक्ता पुँजीको न्यूनतम ५१ प्रतिशत तथा अधिकतम ७० प्रतिशतसम्म रहन सक्ने ।

१.२. मुख्य कम्पनीले आफ्नो वित्तीय विवरण पेश गर्दा सहायक कम्पनीको वित्तीय विवरणहरु पनि एकीकृत (Consolidate) रुपमा पेश गर्नुपर्ने । सो प्रयोजनार्थ लेखा नीति र वित्तीय विवरण इ.प्रा.निर्देशन नं.४ को सम्बन्धित थप अनुसूचीमा तोकिए बमोजिम पेश गर्नुपर्ने । साथै, सहायक कम्पनीको लेखा नीति, सूचना प्रविधि तथा अन्य नीति/प्रणालीहरु (Policies, Procedures and Systems) मुख्य कम्पनीसंग सामन्जस्यता कायम हुने गरी व्यवस्था गर्नुपर्ने ।

१.३ इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले आफ्नो तथा सहायक कम्पनीको पूंजी पर्याप्तता सम्बन्धी गणना छुट्टा छुट्टै रुपमा र एकीकृत (Consolidated) रुपमा गर्नु पर्ने छ । एकीकृत (Consolidated) रुपमा गणना गरीने पुँजीकोष सम्बन्धित वर्गका वित्तीय संस्थालाई तोके बमोजिमको ("क", "ख", "ग" र "घ" वर्गको लागि क्रमशः १०, ११, ११ र ८ प्रतिशत) मापदण्ड एवं निर्देशन पूरा गर्नुपर्ने ।

१.४ मुख्य तथा सहायक कम्पनीबीच हुने कारोबार प्रतिस्पर्धात्मक बजार मूल्य (Arm's Length Transaction) मा आधारित हुनुपर्ने छ । मुख्य तथा सहायक कम्पनीबीच हुने कारोबारमा पारदर्शिता कायम राख्न यी कम्पनीहरुबीच हुने कारोवारमा वित्तीय स्वार्थ रहने हुँदा त्यस्तो कारोबार (Related Party Transactions) लाई दुवै कम्पनीले सम्बन्धित पक्षबीच हुने कारोबार (Related Party Transactions) शीर्षक अर्न्तगत खुलाउनु (Disclose) पर्ने ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

१.५ त्यस्ता कारोवार भए पछि नियमितरुपमा प्रकाशित गर्नुपर्ने वित्तीय विवरणमा सो कारोवार बारे विस्तृत जानकारी प्रदान गर्नु पर्नेछ । प्रतिष्पर्धात्मक बजार मूल्यमा कारोबार नगरेमा र/वा त्यस्ता कारोवार बारे विस्तृत विवरण निर्देशनानुसार प्रकाशित नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को परिच्छेद ११ बमोजिम जरिवाना/सजाय हुने ।

१.६ शाखा/कार्यालय स्थापना तथा संचालनका सम्बन्धमा यस बैंकबाट जारी संशोधित एकीकृत निर्देशन नं. १४ बमोजिम "क", "ख" र "ग" वर्गका वित्तीय संस्थाले गर्नुपर्ने देहायका व्यवस्थाहरु सहायक कम्पनी स्थापना गर्ने प्रयोजनार्थ पनि लागू हुने छ ।

(क) यस बैंकको नीतिगत व्यवस्था तथा निर्देशनले तोकेको न्यूनतम चुक्तापुँजी पूरा गरेको ।

(ख) पछिल्लो वित्तीय विवरणमा यस बैंकले तोकेको पूंजीकोष पूरा गरेको ।

(ग) गत त्रयमासमा निष्क्रिय कर्जा ५ प्रतिशतभन्दा बढी नभएको ।

२. लघुवित्त कारोबार गर्ने इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्था (सहायक कम्पनी) ले विद्यमान व्यवस्था बमोजिम कम्तिमा ३० प्रतिशत शेयर सर्वसाधारणको लागि विक्री गर्नुपर्ने छ ।

३. लघुवित्त कारोबार गर्ने सहायक कम्पनी "घ" वर्गको वित्तीय संस्थाको रुपमा रहने हुनाले इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले "घ" वर्गको वित्तीय संस्था (सहायक कम्पनी) मा गरेको संस्थापक शेयर लगानी तथा कर्जा प्रवाहलाई यस बैंकको निर्देशन बमोजिम विपन्न वर्ग कर्जा अन्तर्गत गणना गरिने छ ।

४. यस बैंकबाट इजाजतपत्रप्राप्त यस्तो "घ" वर्गको वित्तीय संस्थामा गरेको शेयर लगानी रकमलाई प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गर्नुपर्ने विद्यमान प्रावधानलाई विपन्न वर्गमा हुने लगानीलाई प्रोत्साहित गर्न यस प्रयोजनार्थ छुट दिइने छ । साथै, सहायक कम्पनीका रुपमा स्थापित भई लघुवित्त कारोबार गर्ने "घ" वर्गको वित्तीय संस्थामा लगानी भई वित्तीय स्वार्थ स्थापित भएको खण्डमा समेत वित्तीय स्वार्थ भएको संगठित संस्थाहरुमा गरिएको शेयर लगानी रकमलाई प्राथमिक पुँजीबाट घटाउनु पर्ने विद्यमान प्रावधानलाई पनि छुट दिइने छ ।

५. "घ" वर्गको लघुवित्त कारोबार गर्न इजाजतपत्रको लागि प्रस्तावित यस्तो सहायक कम्पनी यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको छुट्टै वित्तीय संस्था (Separate Entity) को रुपमा रहने हुनाले त्यस्तो वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण र अन्य व्यवस्थाहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा विद्यमान अन्य व्यवस्था अनुरुप नै हुने छ ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, लघु वित्त विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।